प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, मकवानपुर, नेपाल

# प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४

<u>प्रस्तावना</u> : प्रदेशको सञ्चित कोषको व्यवस्थापनलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३ र ४ को अधिकार प्रयोग गरी प्रदेश नं. ३ को मन्त्रिपरिषद्ले देहायको कार्यविधि पारित गरेको छ।

## भाग १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४" रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "कार्यालय" भन्नाले प्रदेशको कार्यालय सम्झनु पर्छ र सो शब्दले प्रदेश अन्तर्गतका सबै निकाय, मन्त्रालय, सचिवालय, विभाग र कार्यालय समेतलाई जनाउँछ।

ख) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमेजिमको सञ्चित कोष सम्झनु पर्छ।

ग) "प्रदेश लेखा नियन्त्रक कार्यालय" भन्नाले प्रदेशको सञ्चित कोषको सञ्चालन तथा प्रदेश सरकार अन्तर्गतका कार्यालयलाई भुक्तानी, निकासा एवं आन्तरिक लेखापरीक्षण गर्ने कार्यालय सम्झनु पर्छ।

घ) "बैंक" भन्नाले प्रदेश सञ्चित कोष सञ्चालन गर्ने बैंक सम्झनु पर्छ।

ङ) "भुक्तानी आदेश" भन्नाले कार्यालयमा भुक्तानीको दायित्व सृजना भएपछि भुक्तानीका आवश्यक प्रक्रिया पुरा गरी भुक्तानी निकासाका लागि चेक जारी गर्न वा कुनै कारणले रकम समायोजन गर्नुपर्ने भएमा सो रकम समायोजनका लागि सम्बन्धित कार्यालयले भुक्तानीको लागि दिइने लिखित आदेशलाई सम्झनु पर्छ।

च) "भुक्तानी निकासा" भन्नाले कार्यालयको भुक्तानी आदेश बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयबाट जारी भएको चेक मार्फत हुने खर्चको भुक्तानी सम्झनु पर्छ ।

छ) "विनियोजन" भन्नाले विनियोजन ऐन वा पेश्की खर्च ऐनद्वारा निर्दिष्ट सेवा र कार्यहरुको लागि विभिन्न शीर्षकमा विभिन्न प्रदेश कार्यालयहरुलाई खर्च गर्न विनियोजन भएको रकम सम्झनु पर्छ र सो शब्दले पुरक विनियोजन ऐन र उधारो खर्च ऐन बमोजिम विनियोजन भएको रकम समेतलाई जनाउँछ।

ज) "सरकारी कारोवार गर्ने बैंक" भन्नाले प्रदेश सञ्चित कोष सञ्चालन गर्ने बैंकबाट अनुमति प्राप्त गरी प्रदेशको राजस्व, धरौटी वा विनियोजनको कारोवार गर्ने बैंक सम्झनु पर्छ।

झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

सचिव

३. **प्रदेश सञ्चित कोषमा जम्मा हुने रकम** : संविधानको धारा २०४ बमोजिम प्रदेश सञ्चित कोषमा देहायका रकमहरु आम्दानी बांधिने छ।

क) गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारको राजस्व,

ख) राजस्वको धितोमा लिइएका सबै कर्जाहरु,

ग) प्रदेश ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएका सबै धन,

घ) नेपाल सरकारबाट प्राप्त अनुदान तथा ऋण रकम,

ङ) प्रदेश सरकारलाई प्राप्त हुने जुनसुकै रकम।

४. **प्रदेश सञ्चित कोषबाट खर्च हुने रकम:** प्रदेश सञ्चित कोषबाट देहाय बमोजिम खर्च गरिनेछ :-

क) प्रदेश सञ्चितकोष माथि व्ययभार भएको रकम,

ख) विनियोजन ऐन बमोजिम खर्च हुने रकम,

ग) उधारो खर्च ऐनद्वारा व्यय हुने रकम ।

५. **प्रदेश सञ्चित कोष अन्तर्गत रहने बैंक खाता** : प्रदेश सञ्चित कोषको व्यवस्थापनका लागि देहाय बमोजिमका बैंक खाताहरु रहनेछन् :-

क) **प्रदेश क.१-१ सञ्चित कोष मिलान खाता** : प्रदेशको सञ्चित कोष सम्बन्धी आम्दानी खर्च रकमको अन्तिम समायोजन खाता हो। यो खाता प्रदेश सरकारको सञ्चित कोष रहने बैंकमा रहनेछ। यस खातामा सञ्चित कोष अन्तर्गत प्रदेश क.१-२, प्रदेश क.१-३, प्रदेश क.१-४, प्रदेश क.१-५, प्रदेश क.१-६ खाताको मौज्दात रकम रकमान्तर गरी समायोजन तथा हिसाब मिलान गर्नुपर्छ। यस खाताबाट रकम झिक्ने वा नगद जम्मा गर्ने कारोवार गरिदैन।

ख) **प्रदेश क.१-२ आन्तरिक राजस्व खाता** : प्रदेशलाई प्राप्त हुने राजस्व जम्मा गर्नको लागि प्रदेश सरकारी कारोबार गर्न स्वीकृत प्राप्त बैंकमा राजस्व रकम जम्मा गर्न मात्र मिल्ने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा आन्तरिक राजस्व खाता खोलिनेछ। यस खातामा रकम जम्मा गर्ने कारोवार गरिन्छ। यो खाताबाट नगद रकम झिक्ने कारोवार गरिदैन।यो खातामा प्रदेशको आन्तरिक आय, विविध आम्दानी र धरौटी रकम सदरस्याहा हुँदा प्राप्त हुने आय जम्मा गर्नुपर्छ। आर्थिक वर्षको अन्त्यमा यस खाताको रकम प्रदेश क.१-१ खातामा ट्रान्सफर गरी शून्य गर्नु पर्छ।

ग) **प्रदेश क.१-३ राजस्व तथा अनुदान खाता:** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राप्त हुने राजस्व बाँडफाँड र अनुदान रकम लगायतका सम्पुर्ण रकम जम्मा गर्ने कारोवार गरिन्छ। यो खाताबाट नगद रकम झिक्ने कारोवार



सचिव

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, नेपाल

गरिदैन। यो खाताको हिसाबको लागि राजस्व बाँडफाँड र अनुदानको लागि छुट्टै लेजर खाता राखी हिसाव एकीन हुने व्यवस्था गर्नुपर्छ। अन्तिम हिसाब मिलान गर्दा यो खाताको रकम खर्च यकिन गरी प्रदेश क.१-१ खातामा ट्रान्स्फर गरी हिसाब मिलान गर्नुपर्छ। यो खाता निरन्तर चालु रहने भएकोले वार्षिक रुपमा खाता बन्द गर्नु पर्दैन।

घ) <u>प्रदेश क.१-४ वैदेशिक ऋण खाता</u> : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकार मार्फत प्रदेशलाई प्राप्त हुने वैदेशिक ऋण रकम यो खातामा जम्मा गर्नुपर्छ। वैदेशिक ऋणबाट ब्यहोरिने बजेट खर्चको हिसाब यकिन भएपछि प्रदेश लेखा नियन्त्रक कार्यालयले यो खाताबाट प्रदेश क.१-१ खातामा समायोजन गर्नुपर्छ। यो खाता निरन्तर चालु रहने भएकोले वार्षिक रुपमा खाता बन्द गर्नु पर्दैन।

ङ) <u>प्रदेश क.१-५ वैदेशिक अनुदान खाता</u> : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकार मार्फत प्राप्त हुने वैदेशिक अनुदान वा सहयोगको रकम यो खातामा जम्मा गर्नुपर्छ। वैदेशिक अनुदान वा सहयोगबाट ब्यहोरिने बजेट खर्चको हिसाब यकिन भएपछि प्रदेश लेखा नियन्त्रक कार्यालयले यो खाताबाट प्रदेश क.१-१ खातामा समायोजन गर्नुपर्छ। यो खाता निरन्तर चालु रहने भएकोले वार्षिक रुपमा खाता बन्द गर्नु पर्दैन।

च) <u>प्रदेश क.१-६ आन्तरिक ऋण खाता</u> : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले उठाएको आन्तरिक ऋणको रकम यो खातामा जम्मा गर्नुपर्छ। आर्थिक वर्षको अन्त्यमा यस खातामा जम्मा भएको रकम प्रदेश क.१-१ मा ट्रान्सफर गरी यो खाता शून्य गर्नु पर्छ।

छ) <u>प्रदेश क.१-७ एकल कर प्रशासन खाता</u> : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम एकल कर प्रशासन बमोजिम संकलन गरेको राजस्व रकम यस खातामा जम्मा गरिन्छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लिने प्रशासनिक खर्च कट्टी गरी बाँकी रकम सम्बन्धित तहको बैंक खातामा जम्मा गरिदिनु पर्छ। प्रदेशले लिने प्रशासनिक खर्च वापतको रकम प्रदेश क.१-२ खातामा जम्मा गर्नुपर्छ ।

ज) <u>प्रदेश ख. १ खर्च खाता</u> : प्रदेश र अन्तर्गका कार्यालयले प्राप्त अख्तियारी बमोजिमको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले एकल खाता कोष प्रणाली बमोजिम भुक्तानी निकासा गर्ने प्रयोजनको लागि शून्य मौज्दातबाट कारोवार गर्ने गरी प्रदेशको विनियोजन तर्फको कारोवार गर्ने बैंकमा यो खाता खोल्नु पर्छ। यो खाता रहेको बैंकले प्रदेश लेखा नियन्त्रक कार्यालयले जारी गरेको चेक यस खाताबाट भुक्तानी गरी हरेक दिन उक्त भुक्तानी भएको रकम र उक्त बैंकमा जम्मा हुन आएको

सचिव

राजस्व लगायत प्रदेशले प्राप्त गर्ने अन्य रकम समेत हिसाव गरी प्रदेशको सञ्चित कोष रहेको बैंकलाई प्रतिवेदन गर्नुपर्छ।

झ) <u>प्रदेश ख. २ धरौटी खाता</u> : प्रदेश र अन्तर्गतका कार्यालयको कामको सिलसिलामा धरौटी, जमानत, अर्नेष्ट मनी र कानून बमोजिम धरौटीमा जम्मा गर्नुपर्ने अन्य रकमहरु जम्मा गर्न यो खाता खोल्नु पर्दछ। यो खाताबाट धरौटी फिर्ता वा सदरस्याहा बाहेक अन्य प्रयोजनमा खर्च गर्नु हुदैन। यो खाता निरन्तर चालु रहन्छ।

ञ) <u>प्रदेश ख. ३ विविध खाता</u> : प्रदेश र अन्तर्गतका कार्यालयको बजेट बाहिरका कुनै माध्यमबाट प्राप्त हुन आएको रकम जम्मा गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयले यो खाता खोल्नुपर्छ। यस खाताबाट चेक जारी गर्न र खर्च लेख्न सकिन्छ।

ट) <u>प्रदेश ख.४ विभाज्य कोष खाता</u> : राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम स्थानीय तहमा बाँडफाँड गर्नु पर्ने राजस्व रकम जम्मा गर्न विभाज्य कोष खाता खोल्नु पर्छ। स्थानीय तहलाई बाँडफाँड गर्नुपर्ने राजस्व रकम यस खातामा जम्मा गर्नुपर्छ। राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम यस खाताबाट खर्च लेखी प्रदेशको हिस्साको रकम प्रदेश क.१-२ खातामा र स्थानीय तहको रकम सम्बन्धित स्थानीय तहको खातामा जम्मा गर्नुपर्छ।

ठ) <u>प्रदेश ख. ५ हिसाब मिलान खाता</u> : प्रदेशको सरकारी कारोवार गर्ने बैंकसँगको दैनिक हिसाब मिलान गर्न सञ्चित कोष सञ्चालन गर्ने बैंकले यो खाताको व्यवस्था गर्नुपर्छ । दैनिक रुपमा सरकारी कारोवार गर्ने बैंकमा मौज्दात रहेको यो खातामा जम्मा गर्नुपर्छ। प्रदेशको नामबाट सरकारी कारोवार गर्ने बैंकले भुक्तानी गरेको रकम यस खाताबाट खर्च लेखी सम्बन्धित बैंकको नाममा रहेको खातामा जम्मा गर्नुपर्छ।

६. <u>प्रदेश सञ्चित कोष अन्तर्गतका खाताहरुको सञ्चालन</u> : प्रदेश सञ्चित कोषको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ। प्रदेश सञ्चितकोष अन्तर्गतका प्रदेश क.१-१ सञ्चितकोष मिलान खाता, प्रदेश क.१-२ आन्तरिक राजस्व खाता, प्रदेश क.१-३ राजस्व तथा अनुदान खाता, प्रदेश क.१-४ वैदेशीक ऋण खाता, प्रदेश क.१-५ वैदेशिक अनुदान खाता, प्रदेश क.१-६ आन्तरिक ऋण खाता, प्रदेश क.१-७ एकल कर प्रशासन खाता, प्रदेश ख.१ खर्च खाता, प्रदेश ख.२ धरौटी खाता, प्रदेश ख.३ विविध खाता, प्रदेश ख.४ विभाज्य कोष खाता र प्रदेश ख. ५ हिसाब मिलान खाता प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख र निजले तोकेको अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछन्।

७. <u>सरकारी कारोवार गर्ने बैंकसँगको हिसाब मिलान</u> : प्रदेशको सरकारी कारोवार गर्ने बैंकमा जम्मा हुन आएको प्रदेशको खातामा रहेको रकम र खर्च खाताबाट भएको खर्च रकम दैनिक रुपमा सम्बन्धित बैंकको प्रतिवेदनको आधारमा सञ्चित कोष सञ्चालन गर्ने बैंकले हिसाब मिलान गर्नुपर्छ। यसरी हिसाब मिलान गर्दा एकल खाता कोष प्रणाली बमोजिम प्रदेशको खातामा जम्मा

हुन आएको रकम सम्बन्धित बैंकको खाताबाट खर्च गरी प्रदेशको खातामा जम्मा गर्नुपर्छ भने शून्य मौज्दातको खर्च खाताबाट खर्च भएको रकम सम्बन्धित बैंकको खातामा जम्मा गर्नुपर्छ।

८. <u>सञ्चित कोष बाट निकासा तथा खर्च गर्ने प्रकिया</u> : प्रदेश विनियोजन ऐन वा पेश्की खर्च ऐन पारित भएपछि उक्त ऐनमा विनियोजन भएको रकम आर्थिक मामिला तथा योजना मन्त्रायले सम्बन्धित मन्त्रालय र सम्बन्धित मन्त्रालयले मातहत कार्यालयलाई अख्तियारी प्रदान गर्नुपर्छ। यसरी प्राप्त अख्तियारी बमोजिमको रकम एकल खाता कोष प्रणाली बमोजिम सम्बन्धित कार्यालयको भुक्तानी आदेशको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले भुक्तानी निकासा गर्छ। यसरी भुक्तानी निकासा भएको रकम प्रदेश सञ्चित कोष रहेको बैंकले दफा ७ बमोजिम दैनिक हिसाब मिलान तथा सोधभर्ना गरी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई जानकारी दिनुपर्छ। यसरी समायोजन हुँदै गएको रकम आर्थिक वर्षको समाप्ती पछि प्रदेश लेखा नियन्त्रक कार्यालयको आदेशमा सञ्चित कोष सञ्चालन गर्ने बैंकले प्रदेश क.१-१ खातामा ट्रान्स्फर गरी सञ्चित कोषको वास्तविक अवस्था तयार गर्नुपर्छ।

९. <u>वित्तीय हस्तान्तरण</u> : संविधान तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई प्रदान गर्ने वित्तीय हस्तान्तरण प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत गराउनुपर्नेछ।

१०. <u>प्रदेश सञ्चित कोष रहने बैंक</u> : प्रदेश सञ्चित कोष प्रदेशको मुकाम रहने जिल्लामा रहेको नेपाल राष्ट्र बैंक वा तोकिएको राष्ट्रिय वाणिज्य बैंकमा रहने छ।

## भाग ३

## प्रदेश लेखा नियन्त्रक कार्यालय सम्बन्धी अन्तरिम व्यवस्था

११. <u>प्रदेश सञ्चित कोषको सञ्चालन तथा लेखा राख्ने उत्तरदायित्व</u> : (१) प्रदेश सञ्चित कोषको सञ्चालन तथा लेखा राख्ने उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

तर प्रदेश लेखा नियन्त्रक कार्यालयको स्थापना नभएसम्म प्रदेश सञ्चित कोषको सञ्चालन तथा लेखा राख्ने उत्तरदायित्व महालेखा नियन्त्रक कार्यालयले तोके बमोजिम हुनेछ।

(२) प्रदेश सञ्चित कोष व्यवस्थापन गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयले माग गरे वमोजिमको लेखा दाखिला गराउने र प्रतिवेदन गर्ने कर्तव्य कार्यालय र सरकारी कारोवार गर्ने वैंकको हुनेछ।

सचिव